# कटारी नगरपालिकाको
## चौंथौ नगर सभामा प्रस्तुत
## नीति तथा कार्यक्रम
## (आर्थिक बर्ष ०७६/०७७)

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भई सोही संविधानको आधारमा सम्पन्न स्थानीय तहको निर्वाचनद्वारा गठन भएको ऐतिहासिक कटारी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम यस गरिमामय चौंथो कटारी नगर सभा समक्ष प्रस्तुत गर्न लागि रहँदा म आफुलाई गौरवान्वित भएको महसुस गरिरहेको छु ।

यस ऐतिहासिक अवसरमा नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन, सामाजिक विभेदको अन्त्य गर्न साथै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा आत्मोत्सर्ग गर्नु हुने नेपाल आमाका वीर सपूतहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै यस अवसरमा नेपालका राजनीतिक, सामाजिक आन्दोलनको नेतृत्व प्रदान गर्दै मुलुकको प्रगति र समृद्धिका लागि सम्पूर्ण जीवन समर्पण गर्नु हुने तथा विभिन्न राजनीतिक विचारको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रज नेताहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु।

अब म हजुरहरुको विकास प्रतिको अभिरुचीलाई कदर गरिरहेको छु । हाम्रो नगर निर्माणमा लाग्नु भएका आदरणीय पार्षदहरु एवम् अपर्याप्त जनशक्तिका वाबजूद अहोरात्र खटिनु हुने कर्मचारी साथीहरु विकासका साझेदारहरु, न्यायिक क्षेत्रमा उल्लेखनीय कार्य गर्नु भएका व्यक्तिहरु, नगरिक समाज, वाणिज्य संघ, पत्रकार मित्रहरु, प्रदेश सरकार, संघीय सरकार समेतलाई धन्यवाद दिन चाहन्छु ।

आदरणीय सभासदज्यूहरु,

संघीय शासन प्रणाली लागू भएको पहिलो निर्वाचित जनप्रतिनिधीहरुले शासन सम्हालेको आज २४ महिना भईसकेको छ । यो अवधिमा नगरको विकास र उन्नती गर्दै सामाजिक न्याय एवम् जनतामा शान्ति र अमनचैन कायम गर्नु न.पा.को समग्र उद्देश्य रहने छ । नेपालको संविधान २०७२ अनुरुप व्यवस्था भएका अधिकारहरुको उपयोग र तदनुरुप व्यवस्थापन गर्ने कार्यमा न.पा. लागि रहेको छ ।

देश लामो समयसम्म जनप्रतिनिधि विहीन अवस्थामा रहँदा जनताको आवश्यकता अनुरुप विकास तथा निर्माणका कार्यमा सिथिलता उत्पन्न हुन पुगेको र हाल स्थानीय सरकारको गठन भए सँगै विकास प्रति जनताको उत्कट चाहनालाई सम्बोधन गर्न हामी प्रयासरत छौँ । चरम गरिवी, शोषण, स्वास्थ्य समस्या, बेरोजगारी, अशिक्षा, विकासका पूर्वाधारहरुको कमी, सुशानको अभावमा पिल्सिएका आम जनता समक्ष अहिलेको स्थानीय सरकार अर्थात हामी जनप्रतिनिधि आशा तथा भरोसाको किरण भएर उदाएका छौं यसर्थ

हाम्रो काधमा गहन जिम्मेवारी छ जसलाई हामी असल तथा प्रभावकारी नीति तथा कार्यक्रमहरुको निर्माण गरेर मात्र पूरा गर्न सक्छौं ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष ०७५।०७६ मा घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

१. नेपालको संविधान २०७२ कार्यान्वयनको छोटो अवधिमा संघीयताको महत्वपुर्ण आधारका रुपमा रहेको स्थानीय सरकारको मुलभुत आधारशिला तयार भएको छ । विकास सुशासनको सुस्पष्ट दृष्टिकोण सहित स्थानीय कानुनको निर्माण, प्रशासनिक संगठन संरचनाको निर्माण र समायोजन भई आएका कर्मचारीहरुको व्यवस्थापन भएको छ । स्थानीय सरकारले प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्यका प्रयासबाट चालु आर्थिक वर्षमा स्थानीय सरकाको नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनमा सहजता आएको छ ।

२. स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेका विषयहरुमा नगर सभा तथा नगर कार्यपालिका बैठकबाट ऐन, नियामावली, कार्यविधि, निर्देशिका, मापदण्ड गरी २१ वटा कानुन निर्माण गरिएका छन् ।

३. यस नगरपालिकाको समग्र विकास निर्माण कार्य सञ्चालनका साथै समानुपातिक रुपमा बजेट वितरणका साथै नगर क्षेत्रको यथार्थ रुपमा जानकारी लिनका लागि नगपालिकाको पार्श्व चित्र **(नगर प्रोफाईल)** निर्माणको कार्य थालनि गरिएको छ ।

४. यस नगरपालिकाको नगरको समग्र विकासका साथै दिगो विकासका लागि नगरको पञ्चबर्षिय आवधिक योजनाका साथै दिगो सहरी विकासका लागि समेत योजना निर्माण कार्यको सुरुवात गरिसकिएको छ ।

५. नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म र भावना अनुरुप आवश्यक पुर्वाधार सहित न्यायिक समितिको कार्य सम्पादनमा सहजता ल्याउनका लागि ईजलास व्यवस्थापन गरिएको छ ।

६. यस नगर क्षेत्रका विपन्न एवं दलित परिवारका लागि सुधारिएको चुलो (बायोमास) वितरण कार्य सम्पन्न गरेका छौं ।

७. कटारी बजारको प्रमुख प्रवेशद्वारमा निर्मित सिमेन्टेट गेटमा LED डिस्प्ले बोर्ड जडानको कार्य सम्पन्न गरिने कार्य अन्तिम चरणमा पुगेको छ ।

८. उज्यालो कटारी बनाउने योजना अनुसार मुख्य बजार क्षेत्रमा विद्युतिय सडक बत्ती जडानको कार्य सम्पन्न गरिएको छ ।

९. हालसम्म पूजीगत खर्चको आर्थिक प्रगति ९५% पुऱ्याएका छौं ।

१०. स्थानीय पुर्वाधार विकास कार्यक्रम अन्तरगत नगर क्षेत्रमा तटबन्दका साथै सामुदायिक विद्यालयहरुको भौतिक संरचना निर्माण लगायतका कार्यहरु सम्पन्न गरिएका छन् ।

११. निर्वाहमूखी कृषि प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ अग्रसर गरी व्यवसायमूलक कृषि प्रणाली अवलम्बनको लागि कृषक तथा कृषक समूहहरुलाई आधुनिक कृषि उपकरण हस्तान्त्रण तथा पशु नश्ल सुधारको निमित्त कृत्रिम गर्भाधान, पशु आहारा, गोठ सुधार, खोप तथा औषधी वितरण कार्यक्रमहरु संचालन गरियो ।

१२. नगरपालिकाको गतिविधी अद्यावधिक गर्न वेवसाईटलाई अपडेट गर्नुका साथै विभिन्न विषयमा गुनासो वा उजुरी दिनु परेमा मोबाइलबाटै उजुरी दिन सकिने व्यवस्था मिलाईएको छ ।

१३. महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि महिला लक्षित कार्यक्रम अन्तर्गत कपाल काट्ने (नाई)तालिम, सीपविकास तर्फ अटो ड्राइभिङ्ग तालिम, ब्यूटिपार्लर सम्बन्धी तालिम सम्पन्न गरिनुका साथै ऋययप तालिम अन्तिम चरणमा पुगेको छ ।

१४. योजना संचालनको कार्यलाई चुस्त, दुरुस्त तथा पारदर्शी बनाउनको लागि योजना सफ्टवेयर संचालन गरिएको छ ।

१५. मेलमिलाप तथा विवाद रुपान्तरण क्षेत्रमा कार्यरत व्यक्ति, संघ, संस्थाहरुलाई समेत सहभागिता गराईने नीति अवलम्वन गरी नगर तथा वडा स्तरीय मेलमिलाप केन्द्र सम्पूर्ण वडाहरुमा स्थापना गरी सकिएको छ ।

१६. अपाङ्गता भएको व्यक्तिहरुलाई परिचय पत्र वितरणको कार्य थालनी गरिएको छ ।

१७. यस नगरपालिकाले मेलमिलाप सम्बन्धी विवाद् निरुपणका लागि आधारभूत तालिम सम्पन्न गरिएको छ ।
१८. Media मैत्री कृयाकलाप संचालन गर्न कटारी न.पा. स्थित स्थानीय एफ.एम. रेडियोहरुमार्फत् नगर स्तरीय सूचना तथा न.पा.का गतिविधीहरु सम्बन्धी सूचना प्रवाह गर्ने व्यवस्था गरिएको छ ।
१९. वारुणयन्त्रको व्यवस्थापन तर्फ दमकल राख्ने भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
२०. बजार व्यवस्थापन तथा नगरपालिकाको सुरक्षाको निमित्त नगर प्रहरीको नियुक्ति गरिएको छ ।
२१. कटारी नगरको पहाडी भागमा रहेको महाभारत सामुदायिक अस्पताल निर्माण कार्य थालनी भएको छ ।
२२. कमला नदीको सहायक नदी बेलसोत खोलाले कटान गर्ने ठाऊमा तटबाँध निर्माण प्रदेश सरकारको सहयोगमा संचालन भई रहेकोमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
२३. कटारी नगरको सौन्दर्यको रुपमा बजार क्षेत्रमा रहेको भू-गोलपार्क तथा चिल्ड्रेन पार्कको निर्माण कार्य सम्पन्न गरेका छौं ।
२४. बेरोजगार जनशक्तिहरुलाई रोजगारीको प्रत्याभूति दिनको निमित्त प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात गरिएको छ ।
२५. फोहर मैला व्यवस्थापन तर्फ गराँसदेखि सिम्लेसम्मको प्रमुख चोकहरुमा डष्टविन सेट राख्ने कार्य सम्पन्न भएको छ ।

**सभाध्यक्ष ज्यू एवं सभासद मित्रहरु,**

**अब म यस कटारी नगरपालिकाको आर्थिक वर्ष ०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।**

१. आर्थिक वर्ष ०७६।०७७ का लागि संघीय सरकार एवं प्रदेश सरकारको कार्यक्रम तथा बजेटसँग सन्तुलन हुने गरी नगरको नीति कार्यक्रमलाई केन्द्र र प्रदेशको बजेटसँग तादाम्यता मिलाईनेछ ।
२. यस नगरपालिकाको वित्तीय स्रोत वितरण जनसंख्या, क्षेत्रफल, भौगोलिक अवस्था आवश्यकता, समावेशीता, समन्यायिक एवं समानुपातिक र सन्तुलित ढंगले तय गरिनेछ ।
३. संघीय एवं प्रदेश सरकारले तय गरेको नारासंग तादाम्यता रहने गरी आर्थिक समृद्धिको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।
४. यस नगरको विकास लागि योजनाहरु निजी साझेदारी, गै.स.स. तथा नागरिक समाज र सहकारीका माध्यमबाट सम्पन्न हुने नीति अवलम्बन गरिनेछ ।
५. आर्थिक सामाजिक रुपान्तरण, रोजगारी, स्वरोजगारीका र उद्यमशीलता विकास गर्न कक्षा ९ देखि नै प्राविधिक र व्यवसायिक शिक्षाको विकास र विस्तार गर्ने नीति अवलम्बन गरिने छ । नीजि क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय तह र विकासका साझेदारहरुसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरुको विस्तार गरिने छ ।
६. नगरको आन्तरिक स्रोत अर्थात राजश्व वृद्धिका लागि करका दायरा फराकिलो बनाउदै थप नयाँ करका क्षेत्रहरुको पहिचान गर्दै प्रगतिशील कर प्रणाली अबलम्बन गर्दै कर संकलन अभियान संचालन गरिनेछ ।
७. नगरको आर्थिक समृद्धि र विकासका लागि आफ्नो नगर आफैं बनाऔ भन्ने भावनालाई मूर्तरुप दिन जनसहभागिता वृद्धि, स्थानीय स्रोतसाधनको समुचित प्रयोग, पारदर्शिता तथा सार्वजनीक सुनुवाई मार्फत सार्वजनिक परीक्षण कार्यलाई निरन्तरता दिईनेछ ।
८. लागत प्रतिफल र सामाजिक दायित्वका हिसाबले महत्व राख्ने वढी भन्दा वढी जनताहरु लाभदायी हुने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
९. यस नगरपालिकालाई **क्लिन ग्रिन सिटीको** रूपमा विकास गर्न आवश्यक नीति र अभियान संचालन गरिनेछ ।

१०. यस नगर क्षेत्र भित्र पर्ने नदी, खोला, पोखरी निर्माण, जलाधार तथा जैवीक विविधता संरक्षणका माध्यमवाट पर्यावरणीय सन्तुलनका लागि आवश्यक कार्य गरिने छ ।

११. नदीजन्य स्रोतबाट प्राप्त हुने रोयल्टीबाट आउने बजेटको निश्चित प्रतिशत प्रभावित समुदायको सुरक्षित आवास र आयमूलक, रोजगारमुलक लगायतका कार्यक्रममा विकास साझेदार संग साझेदारी गरि लगानी गरिने छ ।

१२. नगरको समग्र क्षेत्रको विकासका लागि आवश्यक स्रोत र सम्भावनाहरु पहिल्याउनका लागि विभिन्न अध्ययन अनुसन्धानको कार्यलाई निरन्तरता दिईने छ ।

१३. नगरका मुख्य बजार क्षेत्रहरुलाई सुरक्षित बनाउन सिसिटिभी क्यामेरा जडानका लागि प्रदेश सरकारसंग आवश्यक सहयोगका लागि पहल गर्ने र नगर क्षेत्रमा बत्ती जडान गरी उज्यालो सहर बनाउने कार्यलाई सवै वडाहरुमा निरन्तरता दिईनेछ ।

१४. नगरको कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरणका लागि गरिएको सम्भाव्यता अध्ययन अनुसार व्यवसायको पकेटविस्तार गरी कृषिको व्यवसायिकरण गरिने छ । साथै यसै आ.व.मा प्रदेश सरकार संगको साझेदारीमा नगर क्षेत्रमा व्यवसायिक पशुपालन (गाई, भैसी, बङ्गुर लगायतका) फर्म सञ्चालनका लागि आवश्यक साझेदारी गरिने छ ।

१५. **"एक वडा एक खेल"**भन्ने नाराका साथ प्रत्येक वडामा खेलकुद विकासको कार्यलाई निरन्तरता दिईनेछ ।

१६. नगरबासीको चाहना तथा स्रोतको सदुपयोग हुने गरि विषयगत मेल खाने सहकारीहरु एक आपसमा र विद्यार्थीको चाप र दुरीलाई मध्यनजर गरी विद्यालयहरुलाई पनि एक आपसमा गाभ्ने नीति लिईनेछ ।

१७. नगरको विकास, समृद्धि, रचनात्मक कार्य, सामाजिक विकास र रुपान्तरणका लागि लामो समय सम्म योगदान दिने विशेष व्यक्तित्व भएका व्यक्ति, संघ संस्था, नगरपालिकाका उत्कृष्ठ कर्मचारी लगायतलाई विभिन्न विधा तथा क्षेत्रहरुमा विशेष समारोह तथा कार्यक्रममा सम्मान सहित पुरस्कृत गर्ने कार्यलाई यसै आर्थिक वर्षवाट प्रारम्भ गरिने छ ।

१८. विकास निर्माणका पूर्वाधारहरुलाई दीगो र कम खर्चिलो बनाउन वातावरण संरक्षण गर्ने किसिमका क्रियाकलापहरुलाई जोड दिई कार्यक्रम सञ्चालन गरिने छ ।

१९. नगरमा रहेका पर्यटकीय क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्द्धन र सञ्जालीकरण मार्फत् पर्यटन गन्तव्यको रुपमा विकासका लागि नीजि साझेदारी, अन्य स्थानीय तह, प्रदेश एवं संघीय सरकार संग सहकार्य लाई निरन्तरता दिईने छ ।

२०. सडक निर्माण तथा मर्मत संभार कार्य सडक डिभिजन कार्यालय, नगरपालिका र सम्बन्धित निकायसँग समन्वय गरी काममा दोहोरोपना आउन नदिन यस आ.व.मा आवश्यक व्यवस्था मिलाईने छ ।

**सभासद ज्यूहरु**

**यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०७६/०७७ का कार्यक्रमहरू निम्नानुसार पेश गरेको छु ।**

**१.आर्थिक विकासः**

## १.१) कृषि तथा पशुपंक्षी

- नगरको समग्र कृषि तथा पशु क्षेत्रको विकासको लागि **एक वडा एक उत्पादन पकेट** सम्भाव्यताको अध्ययनवाट प्राप्त सिफारिस अनुसार वस्तु उत्पादनको व्यवसायिकरण विभिन्न निकाय, संघ संस्था, सहकारी लगायत निजी क्षेत्र संगको साझेदारीमा सम्पन्न गरिने छ ।
- कृषि उत्पादन र व्यवसायिकरणका लागि आवश्यक पर्ने उपकरण, मेसिनरी औजार, नया प्रविधि जडान कार्यका लागि प्रदेश र संघीय सरकार संगको साझेदारीमा अगाडी वढाईनेछ ।
- कृषि उत्पादनमा र पशुपंक्षीपालन व्यवसायिक किसानको मापदण्ड तयार गर्ने र व्यवसायिक किसान पहिचान गरि वस्तुगत आधारमा स्थानीय स्रोत व्यक्तिको रुपमा विकास गरिनेछ ।
- एक गाउँ एक प्राविधिक नीतिलाई निरन्तरता दिदै आवश्यक जनशक्तिको परिपूर्ति गरिनेछ ।
- पशु पालनमा उन्नत प्रविधिको विकास गर्नको लागि कृत्रिम गर्भाधानमा जोड दिँदै उन्नत जातका पशु पंक्षीहरु वितरणका कार्यहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तन र प्रकोवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिमा जोड दिई थोपा सिचाई, भूमिगत सिचाई, जलाशय, सतह सिचाई, ग्रिन हाउस, टनेल लगायतका प्रविधिको विस्तार गरिने छ ।
- नगर क्षेत्रमा पशुचौपाया छाडा छोड्ने कार्यलाई निरुत्साहित गर्दै सम्बन्धित पशुधनी र वडा कार्यालयलाई जिम्मेवार बनाई नगर क्षेत्रमा वाँकी रहेका छाडा पशुचौपायालाई कान्जी हाउसमा व्यवस्थापन गरिनेछ ।
- कृषि व्यवासयवाट किसानको आम्दानी वृद्धि गर्नु, तुलनात्मक रुपमा वढी प्रतिफल दिने बालीनाली प्रर्वद्धन गर्न आधारभूत खाद्य उत्पादनमा आत्मनिर्भरता वढाउनका लागि सघन खेती तथा उच्च मूल्य वालीलाई प्रसार गरिने छ ।
- कृषिमा रोजागारी तथा स्वरोजगारी सृजना गर्न नमूनाको रुपमा एकिकृत फलफूल वगैचा, वेमौसमी तरकारी खेती, व्यवसायिक माछापालन, व्यवसायिक मौसमी तथा बेमौसमी अर्गानीक तरकारी फर्म र विक्री सेन्टर, आधुनिक रुपमा व्यवसायिक पशुपालन फर्म, पुष्प व्यवसाय, मौरीपालन, च्याउ खेती तथा अर्गानिक मल उत्पादन आदि व्यवसायमा युवाहरुलाई आकर्षित गरिने छ ।
- नगर क्षेत्रमा खाद्यान्न तथा फलफुलको विरुवा माथिको परनिर्भरता न्यून गर्नका लागि खाद्यान्न वाली र फलफुलका विरुवा उतपादन फर्म र नर्सरी तथा सहकारी संग साझेदारी गरिने छ ।
- यसै आ.व.मा फलफुल तथा कृषिजन्य उत्पादन विक्री वितरणको लागि कृषि वजारको व्यवस्था गरिनेछ ।

## १.२) उद्योग तथा वाणिज्य

- नगरमा रहेका खोका छाप्रा, ठेला व्यापारी र व्यवसायीलाई एकीकृत व्यापारिक केन्द्र निर्माण तथा व्यवस्थापन कार्य प्रारम्भ गरिने छ ।
- स्वच्छ र ताजा फलफूल, तरकारी र माछा मासुको सुनिश्चताका लागि छुट्टाछुट्टै संकलन केन्द्र, हाट बजार तथा बजारको व्यवस्था गर्नुका साथै पशु-वधशाला समेत सञ्चालनमा ल्याईनेछ ।
- घरेलु तथा साना उद्योगहरुको विकास र विस्तारका लागि उद्यमशिलता विकास मार्फत साना उद्योगहरुको प्रवर्द्धन गरिनेछ । यी सबै कार्यको प्रभावकारीताका लागि उद्योग वाणिज्यसँग तथा अन्य संघ संस्थाहरुसँग सहकार्य गर्ने नीति लिइने छ ।

- यस नगरपालिका भित्र उद्योग संचालन गर्न चाहने उद्योगीहरुलाई विशेष करमा छुटको नीति अबलम्बन गरिनेछ

## १.३) पर्यटन प्रवर्द्धन

- नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल र पर्यटकीय क्षेत्रहरुमा निजी, सार्वजनिक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, पर्यटन मार्ग आदि निर्माण र सञ्जालीकरण मार्फत् पर्यटन गन्तव्यको रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्रका पर्यटकीय स्थलहरुको प्रवर्द्धनात्मक कार्य गरिनुका साथै साँस्कृतिक महोत्सव, फुड फेस्टिवल तथा सहकारी तथा समुदाय मार्फत होमस्टे सञ्चालनमा सहकार्यलाई निरन्तरता दिईनेछ ।
- नगरको दृष्यावलोकनका लागि दृश्यावलोकन स्थल (भ्यूटावर) को निर्माण कार्य अगाडि बढाइनेछ ।
- नगर क्षेत्रमा स्थानीय पार्कहरुको विकास विस्तार गरिनेछ ।
- पर्यटन वर्ष २०२० लाई सफल पार्न आवश्यक सहकार्य गरिनेछ ।
- नगर क्षेत्रको महत्वपुर्ण पर्यटकीय स्थलका रुपमा रहेको बेतिनी, ताराघारी महादेव गुफा, स्मृति बाटिका, कमला धाम, गैडा आहाल र गराँस स्थित रहेको हरियाली पार्कमा पिकनिक स्थल र उद्यान एवं शौचालय निर्माणका लागि नेपाल पर्यटन बोर्डसंग सहकार्यको लागि अनुरोध गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटन प्रवद्धर्न तथा बिकासका लागि धार्मिक तथा पर्यापर्यटकीय क्षेत्रहरुको संरक्षण एवं प्रचार प्रसारका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## १.४) सहकारी तथा वित्तीय क्षेत्र

- सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा सहकारीहरू संगको सहकार्यमा साना किसान, व्यावसयिक किसानहरुको वित्तीय सेवा प्रवाहमा पहुंच वढाईने छ ।
- दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र बिक्री गर्ने सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- उत्पादन र रोजगारी सृजना गर्ने सहकारीहरुको संस्थागत विकास सुदृढीकरणका लागि भौतिक पूर्वाधारमा सहयोग गरिनेछ ।
- रोजगारी र उत्पादन वृद्धिका लागि एक सहकारी एक वस्तु उत्पादन कार्यलाई कडाईका साथ लागु गरिनेछ ।
- यस न.पा.मा संचालित सहकारीहरुलाई कडाइका साथ अनुगमन र नियमन गरी सहकारी मापदण्ड अनुसार उचित व्यवस्थापन गरिनेछ ।

## २. सामाजिक विकासः

### २.१) शिक्षा

- शिक्षा, संस्कृति, भाषा, साहित्य, कला, खेलकुदको योजनाबद्ध बिकास गर्ने एवं पर्यटन क्षेत्रको विकासमा विभिन्न सरोकारवाला निकायहरु बीचको समन्वयमा बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ
- आधारभूत तथा माध्यामिक तह शिक्षा सञ्चालनका लागि नगर शिक्षा सेवा सम्बद्ध कानून तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरि व्यवस्थित गरिनेछ ।
- नगरका सबै बालबालिकालाई आधारभूत तथा माध्यमिक तहसम्म अंग्रेजी माध्यममा निःशुल्क शिक्षा उपलब्ध गराउने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन कार्य अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयका लागि आवश्यक सूचना प्रविधि, सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामाग्री, प्रयोगशाला, खानेपानी, शौचालय सहयोगको कार्यलाई निरन्तरता दिईनेछ ।
- नीजि तथा संस्थागत विद्यालयहरुले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानलाई सम्मान गर्दै ती विद्यालयहरुले दिइरहेको सेवालाई प्रभावकारी एवं जनमुखी बनाउन आवश्यक सहभागिता र सहकार्य गरिनेछ ।
- नगरका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्थानीय पाठ्यक्रमका रुपमा योग पाठ्यक्रम लागु गरिनेछ ।
- नगर क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु विद्यार्थी संख्या पायक पर्ने स्थानमा उचित विकल्पको आधारमा विद्यालय एकीकरणको नीति लिइनेछ ।
- चार वर्ष उमेरका सबै बालबालिकाको एक वर्ष प्रारम्भिक बाल विकास र शिक्षाको सुनिश्चतताको लागि आवश्यकता, जनसंख्या र भूगोलको आधारमा नक्साङ्कन गरिने छ । एक वडा एक नमूना विद्यालय निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- विद्यार्थीको सिकाई अभिबृद्धि निरन्तर मूल्याङ्कन पद्धति, वाल कक्षामा पढाई सीप विकासका विधिहरुको प्रभावकारी उपयोग गर्दै लगिने छ ।
- विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरुको सञ्चालन तथा कार्यसम्पादन स्तरको वार्षिक रुपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्य सम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिने छ ।
- उपयुक्त अनुदान वितरण प्रणालीको अवलम्बन गर्दै अनुदान वितरणलाई उपलब्धि र गुणस्तरसँग जोडी थप अनुदानको व्यवस्था गरिने छ । छात्रवृत्ति वितरण कार्यलाई वस्तुगत बनाई गरीब, जेहेन्दार तथा लक्षित समूह केद्रित गरिने छ । साथै **छात्रवृत्ति कोष** स्थापना गरिने छ ।
- साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरुको समन्वयात्मक रुपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय संघ संस्थाहरुसँग सहकार्य गरिने छ । अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरिने छ । यसका साथै निरक्षर र नव साक्षरलाई जीवन पर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्र, स्वयंसेवक तथा विद्यार्थीहरु परिचालन गरिने छ ।
- सामुदायिक तथा संस्थागत विद्यायलका उत्कृष्ठ विद्यार्थीहरुलाई हौसला प्रदान गर्न, प्रेरित गर्न माध्यमिक कक्षा उत्तीर्ण परिक्षामा सर्वोत्कृष्ठ अंक ल्याउने छात्रछात्राहरुलाई पुरुस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीको सिकाइमा विपद् व्यवस्थापन सम्बन्धि विषयबस्तुहरु समावेश गरिने छ । सबै प्रकारका शैक्षिक संस्थाहरुको भौतिक अवस्था सुधार गरि विपद् प्रतिरोधी बनाइने छ । नयाँ विद्यालय भवन निर्माणका नमूना डिजाइनहरु बहुप्रकारका, विपद् प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरि बनाइने छ ।
- स्थानीय शिक्षा ऐनलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइनेछ ।

## २.२) स्वास्थ्य तथा पोषण

- नगर क्षेत्र भित्रका स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईनेछ ।
- महिला/बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता, असहायको निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- बाल मृत्युदर न्यूनिकरण र सुरक्षित मातृत्वका लागि **सुनौला हजार दिन कार्यक्रमलाई** प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरका स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक पहल गरिनेछ ।
- अति विपन्न तथा जेष्ठ नागरिकको नियमित एवं निःशुल्क स्वास्थ्य परीक्षण सेवा घर दैलोमै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ । विपन्न परिवारका अशक्त जेष्ठ नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन पहल गरिने छ ।
- कुपोषण न्युनीकरण अभियान संचालन गरी जनतामा स्वस्थकर खानपानको व्यवहार अपनाउन लगाई क्रमशः पुर्ण पोषणयुक्त घर परिवार, समाज, वडामा अभियान संचालन गरिनेछ ।
- म.स्वा.स्वे.सेविकाहरुको सेवाको उच्च मुल्यांकनका साथ हाल प्रदान गरिदै आई रहेको सेवा सुविधालाई निरन्तरता दिदै कामको आधारमा थप सेवा सुविधा प्रदान गर्दै जानेछ ।
- नगरपालिका अन्तर्गत रहेका **Private Medical, Pharmacy, Health Clinic,** स्वास्थ्य प्रयोगशाला अस्पताल आदिको अनुगमन तथा निरिक्षण गर्ने कार्यलाई कडाई साथ अगाडी बढाईनेछ ।
- कटारी अस्पतालको व्यवस्थापन तथा विकासको लागि उचित सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## २.३) खानेपानी तथा सरसफाई

- नगरबासीलाई शुद्ध पिउने पानीको पहूँचको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्र भित्रका पर्यटकीय स्थल, धार्मिक सांस्कृतिक स्थल, बसपार्क तथा मानिसको आवागमन बढी हुने स्थानहरुमा सुविधायुक्त सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्र भित्रको फोहरमैलाको उचित व्यवस्थापन गर्न टोल, वडा र समुदायलाई जिम्मेवार वनाई स्रोतमै फोहर लाई वर्गिकरण गरि निजी साझेदारी मार्फत फोहर संकलन र व्यवस्थापन गरिने छ ।
- सार्वजनिक स्थलहरूमा फोहोरमैला फाल्ने, पसल, उद्योग, होटल, वर्कसप लगायतका व्यवसायिक स्थलबाट जथाभावी फोहोर फाल्ने, मापदण्ड विपरीतको विज्ञापन एवं भित्ते लेखन गर्ने, वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोगलाई निरुत्साहित गर्न सचेतना अभियान संचालन गरिने छ ।
- फोहरको उचित व्यवस्थापन गर्दै कटारी नगरपालिकालाई पर्यावरण मैत्री, सफा र हराभरा **(Clean, Green City)** नगरको रुपमा विकास गर्न सरसफाई अभियानलाई प्रभावकारी रुपमा निरन्तरता दिईने छ ।
- तावा खोलालाई स्वच्छ र सफा बनाउने अभियान संचालन गरिनेछ ।

## २.४) संस्कृति प्रवर्द्धन

- नगरपालिका भित्रका विभिन्न समुदायका चाड, पर्व तथा मौलिक संस्कृतिहरुको संरक्षण गर्दै पर्यटकीय गतिबिधि तथा अन्य कृयाकलापहरु तयार गरिने छ ।
- तावा र ककरु खोला दोभानमा दाहसंस्कार स्थल (मुक्तिधाम) को निर्माण कार्यको थालनी गरिनेछ ।
- यस क्षेत्रमा जन्मी हुर्की देशका लागि जीवन उर्त्सग गर्नु हुने शहिद, शिक्षा, कला, साहित्य, पत्रकारिता, मानवअधिकार, विज्ञान,वातावरण, समाज सेवा लगायतका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउनु हुने व्यक्तित्वहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- यस आ.व.मा कैलाश पुरी डाँडा तथा वडा नं. ५ को बरमझियामा क्रियापुत्री भवनको निर्माण कार्य गरिनेछ ।

### २.५) खेलकुद तथा मनोरन्जन

- नगर भित्र निर्माण भईरहेका खेल मैदानहरुको मर्मत सम्भार र स्तरोन्नति गर्दै थप स्थानमा खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- नगरपालिका क्षेत्रका युवाहरुमा खेलकुद विकास लागि विभिन्न विधामा मेयर कप खेलकुद प्रतियोगिता तथा माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा युवाहरुलाई प्राथमिकतामा राखी युवा क्लवलाई निश्चित खेलमा सहयोग गरि खेलाडी उत्पादन हुने वातावरण तयार गरिनेछ ।

### २.६) लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण

- महिला, वालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, पिछडिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सुकुम्वासी, शहरी गरिब, सीमान्तकृत, अल्पसंख्यक जस्ता लक्षित वर्गको जीवस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । यसमा संबद्ध संघ संस्थाहरुसँग समेत सहकार्य गरी सामाजिक समावेशीकरणलाई नतिजामुखी बनाइने छ ।
- नगरका किसोरीहरुका लागि आत्मसुरक्षा तालिमका साथै लैङ्गिकमैत्री बनाउन आवश्यक कार्यहरु गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री उपकरणहरु उपलब्ध गराइने छ । अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन र स्वावलम्वी जीवन यापन गर्न सम्बद्ध संस्थाहरुसँग सहकार्य गरिने छ ।
- एकल महिलाहरुको आत्मसम्मान बढ्ने, आर्थिक विकास तथा स्वावलम्बनको कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- विपन्न, दलित, आदिवासी, जनजाती लगायत पछाडि परेका वर्ग र समुदायका लागि विशेष, कल्याणकारी, आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला हिंसा मुक्त नगर बनाउदै हिंसा पीडितको लागि सुरक्षित घर (सेफ हाउस) तथा सेवा केन्द्र संचालनलाई निरन्तरता दिईनेछ ।
- नगर महिला समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, आदिबासी जनजाती समन्वय समिति, अपांग समन्वय समिति जस्ता नगर स्तरीय समन्वय समिति तथा सञ्जालहरुको क्षमता विकास एवं शसक्तिकरण गरी लक्षित वर्गको विकासमा ती समितिहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

## ३. पूर्वाधार विकासः

### ३.१ सडक पुल पुलेसा तथा यातायात

- प्रत्येक वडा तथा टोलमा पर्ने खोला, नाला र खोल्सीहरुमा पुल पुलेसा र कल्भर्टहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्र भित्र रहेका सार्वजनिक महत्वका स्थान र स्थानीय सडकहरुको नामाकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- बजार क्षेत्रमा सवारी साधनको निर्वाध आवागमनलाई नियमन र नियन्त्रण गरी पार्किङ्गलाई थप व्यवस्थित बनाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक निर्माण र ग्राभेलका कार्यक्रमहरु सञ्चालन गर्दा अत्यावश्यक स्थानहरुको प्राथमिकताका आधारमा गरिने छ ।
- नगरका मुख्य सडकहरु शहरी विकास कार्यक्रम, संघीय र प्रदेश सरकारको सहकार्यमा र नगरका भित्री सडकहरु नगरपालिकाको लगानीमा क्रमशः कालोपत्रे गरिने छ ।
- यसै आ.व.बाट हडैया-खसीबास-पुलिसपट्टा सडक संचालनमा ल्याइनेछ ।

### २.३) सिचाई

- सिचाई लाई प्रभावकारी वनाउन सोलार सिचाई, भूमिगत सिचाई, सतह सिचाई र थोपा सिचाई प्राणाली लाई जोड दिईने छ ।
- सिचाईको अभावमा उर्वर तथा उत्पादनशील जमिन बाँझो बस्न नदिन नदी वा खोलाबाट पैनी, कुलो तथा नहर निर्माण गरी जमिन सिचाईको व्यवस्था गरिनेछ ।
- पैनी, कुलो तथा नहर समेतको व्यवस्था हुन नसक्ने क्षेत्रको लागि बैकल्पिक व्यवस्था समेत मिलाइनेछ ।

### ३.३) भवन तथा शहरी विकास

- नगर क्षेत्रको व्यापार व्यवसायलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवसायिक प्रयोजनका लागि न.पा.को निर्माणधिन भवनलाई प्रयोगमा ल्याइनेछ ।
- घरबार बिहीन दलित तथा अन्य अति विपन्न समुदायका लागि जनता आवास कार्यक्रम मार्फत् घर निर्माण भईरहेको कार्यलाई आवश्यक सहयोग पुऱ्याईनेछ ।
- नगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालयलका भवनहरु यसै वर्षवाट निर्माण कार्य प्रारम्भ गरिनेछ

### ३.४) विद्युतिकरण तथा वैकल्पीक उर्जा

- नगरपालिका क्षेत्रमा विद्युतको पावर नपुगेका कारण नगरबासीले भोग्नु परेको डिम लाईटको समस्या सामाधानका लागि नेपाल विद्युत प्राधिकरण संगको साझेदारीमा आवश्यक कार्य सञ्चालन गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनका लागि वायोग्यास प्लान्ट निर्माण कार्य प्रारम्भ गरिने छ ।
- नगरका मुख्य तथा वडा भित्रका सम्पूर्ण क्षेत्रहरुमा विद्युत विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

### ३.५) संचार

- नगरपालिकाभित्र सञ्चालित सञ्चार माध्यम (एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन आदि) संग आवद्ध जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग गरिने छ ।
- नगरका सेवा र सूचनाहरू अनलाइन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुँच पुऱ्याउन नगरपालिका र यसका वडाहरुबाट उपलब्ध हुने सेवाहरुलाई विद्युतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- नगर प्रवेश गर्ने मुख्य प्रवेश-विन्दुहरुमा सूचना बोर्डहरु राख्ने कार्यलाई निरन्तरता दिईने छ ।
- कटारी नगरक्षेत्र भित्रका महत्वपूर्ण सार्वजनिक स्थानहरुमा फ्री वाईफाईको व्यवस्था गरिनेछ ।
- नगरपालिकाद्धारा हुने विकास निर्माणका साथै अन्य जानकारी नगरबासीहरु सम्म सन्देश प्रवाह गर्ने योजना अनुरुप हाम्रो कटारी नगर रेडियो कार्यक्रम संचालनमा ल्याइनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

### ४.१) वन तथा भूसंरक्षण

- सामुदायिक वन, कबुलियति वन, धार्मिक वन, निजी वनलाई व्यवसायिक वनाउन र उत्पादन वृद्धि गर्ने कार्यमा प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वनको कार्यक्षेत्र भित्र रहेका अति विपन्न लक्षित समुदायका घरधुरीलाई सामुदायिक वनमा सहज सदस्यता र संरक्षण कार्यमा लाग्ने वातावरणका लागि आवश्यक पहल गरिनेछ । साथै सामुदायिक वनको स्रोतको न्यायोचित सदुपयोग गर्न लगाइनेछ ।
- नगर भित्रका सवै खाले नदि, तट किनारहरुमा फलफूल, उच्च मूल्यको काठ उत्पादन हुने, जडीवुटी जन्य, भूसंरक्षण हुने खालका विरुवाहरो रोपण कार्यलाई टोल विकास समिति, स्थानीय क्लव संस्था, लगायतको साझेदारीमा अगाडी वढाईने छ ।

- यस न.पा.मा रहेको चुरे क्षेत्र क्रमश: मरुभूमिकरण हुँदै गइ रहेकोले संघ र प्रदेश सरकारसँग समन्वय गरी चुरे संरक्षण कार्यलाई अगाडि बढाइनेछ ।

### ४.२) जलाशय संरक्षण तथा जैविक विविधता

- नगर क्षेत्रमा जमीन मुनीको पानीको स्रोत घट्दै गएकाले पानी रिचार्जमा सहयोग पुर्‍याउने खालका ताल तलैयाहरुको संरक्षण गर्नुका साथै सम्भाव्यता भएका स्थानमा तालहरु निर्माण गरिनेछ ।
- सरोकारवाला संगको सहकार्यमा चुरे क्षेत्रमा रहेका मुहान तथा तालहरुको संरक्षण गरिने छ ।
- वन तथा नदी क्षेत्रमा रहेको जैवीक विविधतालाई संरक्षण हुने गरि संरक्षित क्षेत्र तयार गरिने छ ।

### ४.३) वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन

- नगरलाई हराभरा वनाउनका लागि उत्पादनमूलक तथा उच्चमूल्य दिने खालका विरुवा रोपण कार्यलाई तिव्रता दिई आगामी वर्षलाई वृक्षारोपाण रुपमा अगाडी वढाईने छ ।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनले प्रत्यक्ष रुपमा असर गर्ने हुदा खेती प्रणालीमा जलवायुमैत्री प्रविधि, सीप तथा उपकरणहरुको उपयोगमा सहयोग पुर्‍याईनेछ ।
- नगरका सवै सडक किनाराहरुमा फुल तथा सौन्दर्य अभिबृद्धि गर्दै विरुवाहरु रोपी कटारी नगरलाई हरियाली शहर बनाईने कार्यलाई प्रोत्साहन गरिने छ ।

### ४.४) फोहरमैला तथा ढल निकास

- नगर क्षेत्र भित्र ढल निकासको समस्यालाई समाधानका लागि ढल निकासको कार्यलाई निरन्तरता दिईनेछ ।
- यस नगरपालिका क्षेत्रमा नगरको ढल र फोहोर व्यवस्थापन केन्द्र ( ल्याण्ड फिल्ड साईड स्थल) छनौट कार्यलाई निर्णयमा पुऱ्याईने छ ।
- नगरपालिकालाई प्लास्टिक मुक्त शहर बनाउनका लागि पलास्टीक झोलाको आयात रोक्ने र कागजत तथा कपडा झोला उत्पादन मार्फत आधारभुत कार्यको थालनी गरिनेछ ।
- "मेरो नगर मै सफा गर्छु" अभियान सञ्चालन गरी नगरलाई सफा र वातावरण मैत्री नगर बनाउने नीति अवलम्बन गरिने छ ।
- फोहरमैलालाई स्रोतमा नै व्यवस्थापन गर्न सरसफाई आचार संहिता तयार गरी फोहरमैलालाई व्यवस्थित गरिने तथा फोहरबाट ऊर्जा उत्पादन गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।
- फोहरबाट ऊर्जा उत्पादन कार्यक्रमको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र प्रवर्धकसँग फोहर प्रशोधनबाट ऊर्जा उत्पादनको पाइलट परियोजनाको लागि पहल गरिनेछ ।
- विद्यमान समस्याको रुपमा रहेको फोहर मैला व्यवस्थापनलाई उचित व्यवस्थापन गर्न थप जनशक्तिको व्यवस्था गरी परिचालन गरिनेछ ।

### ४.५) जलउत्पन्न प्रकोप नियन्त्रण

- नगर क्षेत्रमा रहेका खोला नदी नालाको कटानी वाट हुने क्षती घटाउनका लागि उच्च जोखिम रहेका स्थानलाई प्राथमिकतामा राखी सरोकारवाला निकाय संगको सहकार्यमा तट्वन्ध कार्यलाई रिनन्तरता दिईने छ ।
- जल उत्पन्न प्रकोपलाई नियन्त्रण गर्न डि.पि.आर. तयार गरी संघ तथा प्रदेश सरकारसँग बजेट माग गरी कार्यान्वयन गरिनेछ ।

### ४.६) विपद् व्यवस्थापन तथा वारुणयन्त्र संचालन

- नगरको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) मा रहेका योजनाहरुलाई मुलप्रवाहिकरण गर्नुका साथै सो क्षेत्रमा कार्यरत संघ संस्थाहरु संग आवश्यक साझेदारी गरिने छ ।
- विपद् जोखिम न्यूनिकरणका लागि उच्च सर्तकताका साथ पूर्व तयारी प्रतिकार्यलाई प्रोत्साहन गर्दै नगरपालिकामा आपत्कालीन सामाग्री भण्डारण केन्द्र निर्माण तथा व्यवस्थापन गरिनेछ ।

- विपद्का समयमा आवश्यक खोज उद्धार राहतका लागि **नगर विपद् व्यवस्थापन कोष**लाई निरन्तरता दिईने छ ।
- नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरितका कार्यलाई निरूत्साहित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगरको विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने नीति तथा विपद् प्रतिकार्य कार्ययोजना तयार गरिनेछ ।
- नगर क्षेत्रमा मादक पदार्थको सेवनबाट दुर्घटनाहरु दिन प्रति दिन बढिरहेको कारणले सो दुर्घटना न्युनिकरण गर्नका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा सम्बन्धित निकायहरुसँग सहकार्य गरी ट्राफिक सचेतनामूलक तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### ५.१) सेवा प्रवाह

- सामाजिक नक्साका आधारमा नगरको सम्पूर्ण सूचनाहरु अध्यावधिक हुने गरी नगरको विस्तृत पार्श्व चित्र (प्रोफाईल) तयारीको कार्यलाई पूर्णता दिईनेछ ।
- नगर प्रहरी नियमावली अनुरुप नगर प्रहरीको संगठनलाई मध्यनजर गरी नगर प्रहरीको आवश्यक संख्या वृद्धि गर्दै क्षमता विकास गरिनेछ ।
- नगरपालिकामा उपभोक्ता हित संरक्षण सम्बन्धी कानूनको कार्यान्वयन गर्दै कार्यदल मार्फत उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमनको कार्यलाई निरन्तरता दिईनेछ ।

### ५.२) सूचना प्रविधि

- नगरपालिकाका १४ वटै वडाहरुमा ईन्टरनेट सञ्चालनका लागि नीजि सार्वजनिक साझेदारीमा लिजलाईन जडान गरी सुचना प्रविधिमैत्री उन्मुख वडाका रुपमा थालनी गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालय मार्फत सेवा प्रवाह हुने कामकाजहरुका सन्दर्भमा नगरबासीहरुलाई सुसुचित गर्न विद्युतीय नागरिक वडापत्र जडानको कार्य प्रारम्भ गरिनेछ ।
- नगर क्षेत्रका सम्पूर्ण विद्यालयहरुमा नतिजा प्रकाशन, डाटा भण्डारण तथा लेखा व्यवस्थापनको लागि आवश्यक सफ्टवेयर जडान कार्यको थालनी गरिनेछ ।
- यस न.पा.को प्रमुख बजारको रुपमा रहेको कटारी बजार क्षेत्रको सूरक्षा, अनुगमन तथा नियमनको लागि सी.सी.टि.भी. जडान गरिनेछ ।
- न.पा.को जिन्सी व्यवस्थापन चुस्त दुरुस्त राख्नको लागि आवश्यक सफ्टवेयर जडान गरिनेछ ।
- न.पा.क्षेत्रका विद्यालयहरुमा ई हाजिरी जडान कार्यलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिकाको मुख्य बजार क्षेत्रका स्थानमाहरुमा फ्री वाईफाई सञ्चालनमा ल्याईनेछ ।

### ५.३) पंजीकरण व्यवस्थापन

- नगरका सबै वडाहरुमा घटना दर्ता कार्य अनलाईन मार्फत सञ्चालनको कार्य यस आ.व.बाटै थालनी गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई सरल, सहज तथा प्रभावकारी तुल्याउन प्रत्येक वडाहरुबाटै अन लाइन आवेदन दिन सकिने व्यवस्था मिलाइनेछ ।

### ५.४) तथ्यांक तथा अभिलेखिकरण

- भू–उपयोग तथा व्यवस्थापन अर्न्तगत नगर क्षेत्रको भूमि व्यवस्थाको समग्र स्थिति पहिचान गरी एकिकृत अभिलेख राख्ने कार्यको थालनी गर्दै वडा भित्रका सार्वजनिक जग्गाको खोजी तथा पहिचान गरी संरक्षण, सम्वर्द्धन गर्न सबै वडाहरुलाई निरन्तरता दिईनेछ ।

- नगरको समग्र तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्कको आधारमा योजना तर्जुमा, नतिजाको आधारमा अनुगमन र मूल्याङ्कन गरि नगरको गतिविधि प्रभावकारी बनाईने छ।
- नगरको समग्र विकासका लागि विषयगत तथा क्षेत्रगत छलफल र सुचना संकलन गरि २५ वर्षे गुरुयोजना तयार गरिने छ।
- दीर्घकालीन, आवधिक, वार्षिक योजना, क्षेत्रगत कार्यक्रम, परियोजना तथा नीतिहरु नतिजामा आधारित बनाएर तर्जूमा, अनुगमन र मूल्याङ्कन **(Result based planning Monitoring and Evaluation)** गर्न संस्थागत व्यवस्था समेत मिलाइने छ।
- नगरपालिकाले १४ वटै वडाहरुमा रहेको सार्वजनिक जमिनको लगत संकलन गरी उक्त सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई तीव्र रुपमा अगाडी बढाइनेछ।
- नगरको तथ्याङ्क र अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाका सबै खालका आवश्यक सूचनामूलक सामाग्रीको दस्तावेजीकरण गर्नुका साथै प्रकाशन कार्य अगाडी वढाईने छ।

## ५.५) सुशासन प्रवर्द्धन

- समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थक तुल्याउन भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा विद्युतीय नागरिक बडापत्र, हेल्पडेस्क, नागरिक भेला, सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, अनुगमन संयन्त्र र कार्य प्रणालीलाई निरन्तरता दिईनेछ।
- नगरवासीको गुनासो सुनुवाईका लागि हेलो मेयर रेडियो कार्यक्रम संचालनमा ल्याईनेछ।
- सेवा प्रवाहलाई मर्यादित, व्यवस्थित बनाई शीघ्र सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन तर्फ ध्यान दिइनेछ।
- कर्मचारीको मनोवल उच्च राखी सेवा प्रवाहलाई समयानुकूल, सरल, सहज र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न सूचकमा आधारित मूल्यांकन पद्धति अपनाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ। अतिरिक्त समय कार्य गर्ने अवस्थामा सोको हाजिरी रजिष्टर खडा गरी प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
- नगरपालिकाको हरेक क्रियाकलापहरुलाई पारदर्शी ढङ्गबाट जवाफदेही तरिकाले सम्पन्न गरिनेछ।

## ५.६) अनुसन्धान तथा विकास

- स्थानीय शैक्षिक संस्थाहरु तथा निजी प्रतिष्ठान, संघ संस्थाहरु समेतको सहकार्यमा नगरको विकाससँग सम्बन्धित विभिन्न अनुसन्धान तथा नविनतम खोज लगायतका कृयाकलाप सञ्चालन गर्नका लागि सहकार्य अभिबृद्धि गरिने नीति लिईने छ।

## ५.७) आर्थिक व्यवस्थापन तथा राजस्व परिचालन

- नगरको स्रोत अभिवृद्धिका लागि कर, राजस्व, शुल्क आदि अभिवृद्धि, व्यवस्थित र नियमन गर्न ***"कर्तब्यनिष्ट बनी तिरौं कर, समृद्ध नगर निर्माणमा हाम्रै भर"*** अभियान संचालनमा ल्याइनेछ।
- नगरपालिकाको आयस्रोत वृद्धिका लागि आवश्यक छुट भएका विषयहरुको थप अध्ययन र व्यवासायिक योजना निर्माण गरिनेछ।
- नगरको आन्तरिक स्रोत वृद्धिका लागि आन्तरिक प्रशासनिक सुधार, राजश्व अनुसन्धान, विस्तृत व्यवसायिक सम्भाव्यता अध्ययन र विज्ञ समूह परिचालन गरिनेछ। साथै वस्तुगत र सेवा मूलकमा स्वयं आय मूलक कार्य सञ्चालनको नीति लिईनेछ।

- नगरपालिका भित्र रहेर पनि करको दायरामा नआएका र आएर पनि नियमित रुपमा नविकरण नगरेका करदाताहरुलाई विधि र करको दायरा भित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर कर अनुगमन टोली गठन गरी करदाताहरुको करको विवरण रुजु गर्ने कार्यक्रम संचालन गर्दै ती कार्यक्रमहरुलाई नगरपालिकाबाट प्रवाह गरिने सेवासँग आवद्ध गर्दै लगिने छ ।
- नगरपालिकाको आयमा सकारात्मक योगदान पुग्ने ढंगले कर संकलनमा विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप उद्योग वाणिज्य संघसँग पारस्परिक विश्वसनीय, सम्मानित, साझेदारी र सद्भावपूर्ण वातावरण निर्माण गरी व्यवसायिक कर संकलन तथा व्यवस्थापन पद्धतिबाट सुदृढ गरिनेछ ।
- नेपाल सरकार आन्तरिक राजस्व कार्यालयले सङ्कलन गर्दै आएको वहाल कर संविधान अनुरुप हुने गरी सङ्कलन गरिनेछ ।
- नदीजन्य स्रोतबाट प्राप्त हुने रोयल्टीबाट आउने बजेटको निश्चित प्रतिशत प्रभावित समुदायको सुरक्षित आवास र आयमूलक, रोजगारमुलक लगायतका कार्यक्रममा विकास साझेदार संग साझेदारी गरि लगानी गरिने छ ।
- यस आ.व.बाटै नगरका सबै वडाहरुमा राजश्व संकलनको कार्य अनलाईन मार्फत थालनी गरिनेछ ।

**५.८) स्थानीय मेलमिलापः**

- स्थानीय स्तरका विवादहरुलाई स्थानीय तहमै विवादित पक्षहरुकै सहभागितामा जित जित (Win-win)को वातावरण सृजना गरी विवाद सामाधान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- वडा र नगर तहमा मेलमिलाप केन्द्र सञ्चालनका लागि थप जनशक्ति उत्पादन र न्यायिक समितिको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सबै नगरबासीहरुलाई छिटो, छरितो, पहुँच योग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिने छ । न्यायमा सवैको समान पहूँचको लागि आवश्यक स्रोत, साधन र संयन्त्रको प्राथमिकताका साथ व्यवस्थापन गरिने छ ।